# कात्तिक २५ मा एमालेको शुभकामना

विराटनगर, ११ कात्तिक (हाम्रोमत)- दसैं, तिहार, छठलगायतका महत्वपूर्ण चाडपर्वहरुको अवसर पारेर नेकपा एमाले मोरङले कात्तिक २५ गते शुभकामना आदानप्रदान कार्यक्रम आयोजना गर्ने निर्णय गरेको छ । शनिबार विराटनगरमा शुभकामना आदानप्रदान गर्न गठित बाबुराम कार्कीको संयोजकत्वको बैठकले कार्यक्रमको तयारीलाई अगाडि बढाउने निर्णय गरेको छ ।

कार्यक्रममा पार्टीका केन्द्रीय अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीलाई उपस्थित गराउने र ५ हजार भन्दा बढीको सहभागिता जुटाउने निर्णय गरेको एमाले मोरङले जनाएको छ ।

नेकपा एमाले मोरङका प्रचार विभाग प्रमुख तथा कार्यक्रम प्रचार समितिका संयोजक सन्तोष बान्तवाकाअनुसार कार्यक्रममा प्रदेशभरका पार्टीका नेताकार्यकर्ताका साथै मोरङका विभिन्न क्षेत्रका व्यक्तित्वको सहभागिता रहनेछ ।

कार्यक्रमलाई सफल बनाउन विभिन्न उपसमिति बनाएर जिम्मेवारी बाँडफाँट गरेको वान्तवाले बताए । उनकाअनुसार प्रचारप्रसारको जिम्मेवारी प्रचार विभागले गर्ने छ भने आन्तरिक व्यवस्थापनको काम मोर्चा विभाग र महानगर कमिटीका अध्यक्षलगायतलाई दिइएको छ । यस्तै सांस्कृतिक कार्यक्रमको जिम्मेवारी जनसांस्कृतिक महासंघलाई दिइएको छ । यस्तै आर्थिक लगायतका अन्य क्षेत्रको जिम्मेवारी पार्टी अध्यक्ष ऋषिकेश पोखरेल तथा कार्यक्रम संयोजक बाबुराम कार्कीलगायतले हेर्ने गरी जिम्मेवारी तोकिएको प्रचार विभाग प्रमुख बान्तवाले जानकारी दिए ।

## पहिलो पृष्ठबाट बाँकी

### मन्त्री बनाउन...

झापाको कार्यक्रमबारे हामीलाई थाहा छैन । भोलि नै अब हामी अब सबै कुराको फाइनल गर्छौं ।' आइतबार मुख्यमन्त्री कार्की झापामा हुने एक कार्यक्रममा सरिक हुने तय भएकोले मन्त्रिपरिषद् विस्तार हुने संभावना कम रहेको सरकारका प्रवक्ता एवम् मन्त्री शमशेर राईले बताए । 'भोलि काठमाडौंबाट मुख्यमन्त्री कार्की सिधै झापाको कार्यक्रममा सहभागी हुने बुझेको छु, सरकार विस्तारबारे थप छलफल भएको छैन' उनले भने, 'एमाले मात्र नभएर सबै दलसँग छलफल गरेपछि सरकार विस्तारको निर्णय हुन्छ ।'

सरकार दिएको समय पटक-पटक सार्न थालेपछि एमाले भने मुख्यमन्त्री कार्कीसँग रुष्ट बनेको छ । विश्वासको मत पाएलगत्तै सरकार विस्तार गर्ने सहमति मुख्यमन्त्रीले पालना नगरेको र दशैपछि शुक्रबार सरकार विस्तार गर्ने सहमति पनि लत्याएको एमालेको आरोप छ । अब आइतबार पनि सरकार विस्तार गर्न मुख्यमन्त्रीले चासो नदेखाए एमालेले आवश्यक निर्णय गर्ने चेतावनी प्रमुख सचेतक भण्डारीले दिएका छन् ।

मुख्यमन्त्री कार्कीले डा.शेखर कोइरालाले माओवादी अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्ड र काँग्रेस सभापति शेरबहादुर देउवाबीच भएको सहमतिअनुसार अगाडि बढ्ने तयारी गरेकोले एमालेको दबाब पन्छाइरहेका छन् । 'एमालेसँग मिलेर पार्टी र गठबन्धनलाई दिनुपर्ने धक्का डा.शेखर र कार्कीले दिइसकेकोले अब पार्टी र गठबन्धनकै लाइन अनुसार अगाडि बढ्ने तयारी हो' मुख्यमन्त्री निकट स्रोत भन्छ, 'अब मुख्यमन्त्रीले पार्टीको निर्देशन अवज्ञा गरेर अगाडि बढ्ने संभावना देखिन्न ।'

मुख्यमन्त्री कार्कीले भने प्रदेशमा सहमतिको सरकार बनाउन पहल गर्ने बताउँदै आएका छन् । तर, एमालेले त्यसलाई सिधै खारेज गर्दै आएको छ । विगतमा आफ्नो नेतृत्वमा सहमतिको सरकार बनाउन गठबन्धन दलहरु तयार नभएकोले अब पनि सहमतिको सरकार नबन्ने एमाले संसदीय दलका नेता एवं पूर्वमुख्यमन्त्री हिक्मतकुमार कार्कीले बताउँदै आएका छन् । उनले सिंगो काँग्रेस तयार भए सरकारमा सहभागी हुनसक्ने भन्दै गठबन्धनका अन्य दल सरकारका सहभागी हुने कुरा स्वीकार नगर्ने बताउँदै आएका छन् ।

गठबन्धन दलका नेताहरु भने केन्द्रमा भएको सहमति अनुसार अगाडि बढ्न मुख्यमन्त्री कार्कीले प्रतिबद्धता जनाइसकेकोले अब प्रदेशमा गठबन्धनकै सरकार बन्ने बताउँछन् । गठबन्धनमा जबरजस्ती घुसेको एमाले आफैं सरकारबाट बाहिरिदिनुपर्ने माओवादी संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले यसअघि नै बताएका थिए । नेकपा एकीकृत समाजवादी संसदीय दलका नेता राजेन्द्रकुमार राईले गठबन्धनको सरकार बनाइदिएको भन्दै एमालेलाई कात्तिक १ गतेको प्रदेशसभा बैठकमै धन्यवाद दिएका थिए । काँग्रेस संसदीय दलका नेता उद्धव थापाले पनि गठबन्धनको निर्णयको आधारमा मुख्यमन्त्रीलाई विश्वासको मत दिने निर्णय भएको बताएका थिए ।

केन्द्रमा भएको सहमति र गठबन्धन दलसँग मुख्यमन्त्रीले जनाएको प्रतिबद्धता अनुसार अबको केहि दिनमा नेकपा एमाले प्रतिपक्षीको बेञ्चमा पुग्ने गठबन्धनका एक नेताले दावी गरे । एमालेले खासगरी सरकारमा माओवादीलाई सहभागी गराउन नहुने अडान राखेको छ । स्रोतका अनुसार मुख्यमन्त्री कार्कीले भने अब माओवादीकै सांसदलाई पहिलो चरणमा सरकारमा सहभागी गराएर मन्त्रिपरिषद् विस्तार गर्ने तयारी गरेका छन् ।

एमालेले भने माओवादीलाई सरकारमा सहभागी गराए सरकारबाट बाहिरिने चेतावनी दिइसकेको छ । एमाले संसदीय दलका नेता कार्कीले माओवादीलाई सरकारमा ल्याए एक घण्टा पनि सरकारमा नबस्ने बताएका छन् ।

'एमालेको दबाब भएपनि गठबन्धकै सरकार बनाउन अब मुख्यमन्त्रीले पहिलो चरणमा माओवादीकै सांसदलाई मन्त्री बनाउने तयारी छ' काँग्रेसका एक सांसदले भने, 'त्यो अवस्थामा एमाले सरकारबाट बाहिरिएर प्रतिपक्षमा जानेछ र सरकारले अर्को चरणमा गठबन्धनबाट पूर्णता पाउनेछ ।'

संविधानको धारा १६८ को ५ अनुसारको सरकार भएकोले समर्थन फिर्ताको औचित्य नहुने र दुई वर्षसम्म अविश्वासको प्रस्ताव राख्न नपाइने भएकोले एमालेलाई प्रतिपक्षमा पठाएर पनि सरकारलाई कुनै समस्या नहुने अवस्था छ । एमालेका प्रमुख सचेतक भण्डारीले उपधारा ५ अनुसारको सरकारको समर्थन फिर्ता हुने विषय संविधानमा नरहेकोले सरकार ढुक्कले चल्ने यसअघि नै बताएका थिए । संवैधानिक व्यवस्थाको सोही अनुकुलता प्रयोग गरेर मुख्यमन्त्रीले विस्तारै एमालेलाई प्रतिपक्षमा पुर्‍याउने गठबन्धन दलहरुको दावी छ ।

### दसैं अवधिमा...

घाइत राईको उपचारका क्रममा धरानस्थित वीपीकोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मृत्यु भएको प्रहरीले जननाएको छ । यसैगरी शुक्रबार साँझ ७ बजे झापाको गौरीगंज गाउँपालिका-५ मा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको को ३३ प ६३६४ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउदै गरेको को २८ प ३०८६ नम्बरको मोटरसाइकल एक आपसमा ठक्कर खाई दुर्घटना हुँदा को २८ प ३०८६ नम्बरको मोटरसाईकल चालक मोरङको रतुवामाई नगरपालिका-७ महदेवाका ६० वर्षे कैलाप्रसाद ताजपुरियाको उपचारको क्रममा निम्स अस्पताल दमकमा मृत्यु भएको थियो ।

अघिल्लो आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा सवारी दुर्घटनाको संख्यामा कमी आएको छ । आर्थिक वर्ष २०७९/०८० मा १८० वटा सवारी दुर्घटनामा परी १६ जनाको मृत्यु भएको थियो भने ४८ जना गम्भिर घाइते र २२६ जना सामान्य घाइते भएको प्रहरीको अभिलेखमा देखिन्छ । अघिल्लो आर्थिक वर्षमा दुर्घटनामा कमी आए पनि मृत्यु हुने संख्यामा भन कमी नआएको प्रहरीले जनाएको छ ।

### मुआब्जा...

बैंक खातामा रकम जम्मा हुने ग्यारेन्टी नगरेसम्म आन्दोलन नरोक्ने संयोजक राईले बताए । मुआब्जा दिन छुटेको ४५४ रोपनी जग्गाको मुआब्जा नपाएको भन्दै जग्गाधनीहरुले आयोजनाको निर्माण सामग्री ढुवानीमा रोक लागएका छन् । यस बाहेको जग्गाको मुआब्जा २०४६ सालमा नै दिएको भएपनि छुट जग्गाको मुआब्जा जग्गाधनीले अझै पाउन सकेका छैनन् ।

आयोजनाको ६५ प्रतिशत भन्दा बढी काम सम्पन्न भएपनि जग्गाधनीले मुआब्जा पाएका छैनन् । गत वैशाख २६ गते छयाङकुटी-दिदिङ्ग सडक खण्डको छुट मुआब्जा जिल्ला प्रशासन कार्यालय सङ्खुवासभाका प्रमुख जिल्ला अधिकारी संयोजक भएको मुआब्जा निर्धारण समितिले प्रतिरोपनी ११ लाख ७५ हजार दिने निर्णय गरेको थियो । छुट जग्गाको बारेमा सरकारको मन्त्रिपरिषद्को बैठकले मुआब्जा दिने निर्णय गरेको भएपनि सरकारले मुआब्जा भुक्तानी गरिसकेको भने छैन ।

### अगाडि...

बाँकी ४२ मध्ये ७ वटा टावरको जग हालिसकेको छ । तर त्यस खण्डमा भएको अवरोधले गर्दा ३५ वटा टावर निर्माणको काम अगाडिठ बढ्न सकेको छैन ।

उद्योगी व्यवसायीहरुको निरन्तरतको दवाव र कोशी प्रदेशमा देखिएको विद्युत समस्या समाधान गर्न प्राधिकरणले चार वर्षदेखि अवरुद्ध रहँदै आएको प्रशारण लाइन विस्तारको कामलाई यस पटक इनरुवा तर्फबाट अगाडि बढाएको हो । ढल्केबर-इनरुवा १५४ किलोमिटरमध्ये ४० किलोमिटर तार तानिसकिएको छ । यस खण्डमा अब ११४ किलोमिटर तार तान्न बाँकी रहेको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले आउँदो पुस सम्ममा टावर निर्माण गरी तारसमेत तानिसक्ने योजना बनाएर इनरुवा खण्डबाट काम अगाडि बढाएको जनाएको हो । विशेष गरी सप्तरी जिल्लाका केही ठाउँमा स्थानीयले प्रसारण लाइनको रुट सार्न वा प्रशारण लाइन विस्तार गर्ने क्षेत्रमा पर्ने निजी जग्गाको मुआब्जा दिन माग गर्दै अवरोध गरिरहेका छन् ।

ढल्केबर-इनरुवा खण्डमा तार तान्ने कामका लागि पाँच वटा टोली परिचालन गरिएको छ । यो काम आउँदो पुसभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

यस वर्षको हिउँदका केही महिना मोरङ-सुनसरी औद्योगिक करिडोरलगायत समग्र पूर्वको विद्युत् माग धान्नका लागि भारतबाट थप विद्युत् आयात र वर्षायाममा देशभित्र खपत गरी बचत भएको विद्युत् निर्यात गर्न यो प्रसारण लाइन जतिसक्दो छिट्टो सम्पन्न गर्नु पर्ने दबाबमा नेपाल विद्युत् प्राधिकरण रहेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको टोलीले केही समय अगाडि मात्र सुनसरीको रामधुनी क्षेत्रमा पुगेर नगरपालिका क्षेत्रमा भइरहेको तार तान्ने कामको अनुगमन गरेको थियो ।

टोलीमा अवरोधका कारण प्रसारण लाइन निर्माण गर्न नसकिएमा मोरङ-सुनसरी औद्योगिक करिडोरमा आउनसक्ने सम्भावित विद्युत् आपूर्तिको समस्या अवगत गराउन र भइरहेका कामबारे जानकारी दिन उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुरानासमेत सहभागी भएका थिए । त्यस क्रममा स्थानीयवासीको अवरोध नहटेको खण्डमा विद्युत व्यापारको रणनीतिक योजना असफल हुनेभन्दै राज्यको सम्पूर्ण संयन्त्रले सहयोग गर्नुपर्ने बताएका थिए । झण्डै १७ करोड डलर लागतमा ३० महिनामा निर्माण सम्पन्न गर्ने गरी २०६९ सालको माघमा ठेक्का सम्झौता भएको उक्त योजना एक दशक बितिसक्दा पनि सम्पन्न हुन सकेको छैन ।

हेटौंडा-ढल्केबर-इनरुवा ४४० केभी प्रसारण लाइन विद्ययमान १३२ केभी प्रसारण लाइन र पूर्व-पश्चिम राजमार्गको नजिक र प्रायः समानान्तर छ । प्रसारण लाइनको मार्गाधिकार क्षेत्र प्रसारण लाइनको केन्द्र विन्दुबाट दाया बाया २३/२३ मिटर हुने छ । आयोजनाले ५१८ हेक्टर वन क्षेत्रमा रहेका रुखहरू काट्नुपर्ने र ३० हेक्टर निजी कृषियोग्य जमिन अधिग्रहण गर्नुपर्ने छ । मार्गाधिकारमा ४७५ हेक्टर निजी जग्गा र १७१ वटा घर तथा अन्य संरचनाहरू प्रभावित हुने छन् ।

झण्डै १७ करोड अमेरिकी डलर अनुमानित लागत रहेको आयोजना नेपाल सरकार, विद्युत् प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार परियोजनाअन्तर्गत सुरु गरिएको थियो ।

# कोजाग्रात पूर्णिमामा दुर्गा मन्दिर सफाइ

♦ हाम्रोमत संवाददाता

*विराटनगर, ११ असोज*

सेवा नै धर्म हो भन्ने मूल नारा सहित कोजाग्रात पूर्णिमाको अवसरमा नेपाल प्रहरी श्रीमती संघ कोशी प्रदेशले विराटनगरस्थित दुर्गामन्दिर सफाइ गरेको छ ।

संघकी अध्यक्षा अजिता देवकोटा बास्तोलासहित पदाधिकारीहरु र प्रहरी कर्मचारीहरुलेविराटनगर १५ मा रहेको मन्दिर सफाइ गरेको हो ।

उक्त कार्यक्रममा वडा नम्बर-१५ का वडाध्यक्षलगायत मन्दिर व्यवस्थापन समितिका सदस्य र स्थानीयहरुको पनि उपस्थिति थियो ।


# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

## सुन्दरहरैंचा नगरपालिकाको आन्तरिक आय संकलन गर्ने कार्य अन्तर्गत बहाल बिटौरी/हटिया सेवा शुल्क बन्दोबस्ती ठेक्का सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/०७/१२ गते)**

यस सुन्दरहरैंचा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले आ. व. २०८०/०८१ मा बाँकी अबधिको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५९ अनुसार आन्तरिक आय ठेक्का मार्फत बन्दोबस्त गर्न मिति २०८०/०६/०५ गतेको २/१०४ औं नगर कार्यपालिका बैठकको निर्णयानुसार हटियाको बहाल बिटौरी शुल्क असुली गर्ने कार्यको ठेक्का बन्दोबस्ती लागि यो सूचना प्रकाशन गरिएको छ । ईच्छुक व्यक्ति, फर्म वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखाबाट रु. १,०००/- (अक्षेरुपी रु एक हजार मात्र) (पछि फर्ता नहुने गरी) को बोलपत्र फारम खरिद गरी तल उल्लेखित शर्त तथा न्यूनतम ठेक्का रकममा नघट्ने गरी शिलबन्दी बोलपत्र पेश गर्न अनुरोध छ।

| क्र.सं. | ठेक्का नम्बर | हाटबजारको नाम | वडा नं. | न्युनतम ठेक्का रकम (मू.अ.क. समेत) |
|---|---|---|---|---|
| १ | राजश्व ४/१०५ | हरैंचा हाट बजार | १ | रु. २,५८,९०२।०० |

**शर्तहरु:-**

१. माथि उल्लेखित ठेक्कामा शुल्क असुल गर्दा यस नगरपालिकाले तोकेको भन्दा बढी दरमा असुल गर्न पाइने छैन।
२. ठेक्काको अवधि सम्झौता भएको मिति देखि २०८१ आषाढ मसान्त सम्म मात्र हुनेछ। आर्थिक बर्षमा घटेको महिना र दिनको आधारमा तोकिएको ठेक्का रकममा कुनै असर पर्ने तथा छुट हुने व्यवस्था छैन।
३. हटियाको सरसफाई गर्ने ब्यवस्था स्वयमः ठेक्केदारले मिलाउनु पर्नेछ।
४. बोलपत्रदाताले खामको बहिर पट्टी ठेक्काको नम्बर, ठेक्काको नाम र ठेकदारको नाम, मोबाईल नम्बर समेत लेखि शिलबन्दी गरी नगर कर्यापालिकाको कार्यालायमा तोकिएको समय भित्र बुझाउनु पर्नेछ।
५. शिलबन्दी फारम पेश गर्दा व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी सहित शिलबन्दी फारम र फर्म वा कम्पनी भए आन्तरिक राजश्व कार्यालयबाट प्राप्त भ्याट/पान नम्बरको प्रतिलिपी, करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, स्थानीय तहमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी, नेपाली नागरिकताको प्रमाण पत्रको फोटोकपीका साथ कबोल अंकको ५ प्रतिशत नघट्ने गरी धरौटी रकम यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको धरौटी खाता नम्बर ०६०१५०११४७६३००३० मा जम्मा गरी सोको सक्कलै भौचर शिलबन्दी बोलपत्रमा सम्लग्न गर्नु पर्नेछ।
६. शिलबन्दी बोलपत्र दाखिला मिति २०८०/०७/२० गते दिनको १२ बजे भित्र यस नगर कार्यपालिकाको कार्यालायमा दर्ता गरी सक्नु पर्नेछ भने सोहि दिनको १ बजे शिलबन्दी बोलपत्र खोलिनेछ। बोलपत्र खरिद तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन तोकिए बमोजिमको प्रक्रिया अगाडि बढाइनेछ।
७. कबोल रकम अंक र अक्षरमा स्पष्ट देखिने गरी उल्लेख गर्नु पर्नेछ। बोलपत्र फारममा उल्लेखित कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
८. ठेक्का रकम अग्रिम बुझाएमा भ्याट बाहेक कबोल अंकको १० प्रतिशत रकम छुट दिइनेछ। कबोल अंकको हुन आउने १३% भ्याट रकम सम्झौताको समयमा अन्तरिक राजश्वको कार्यालायमा दाखिला गरेको भौचर/कागजात/प्रमाण पेश गर्नु पर्ने तथा अग्रिम रकम नबुझाए कबोल अंकको ६० प्रतिशत सम्झौताको समयमा बुझाएको हुन पर्ने बाँकी ४० प्रतिशत चैत्र मसान्त भित्र बुझाई सक्नु पर्नेछ भने सो ४० प्रतिशतको रकमको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैकको परफरमेन्स बन्ड ग्यारेन्टी २०८१ कार्तिक मसान्त सम्मको हुन पर्नेछ। साथै ठेक्का कबोल कर्ताले ४०% बराबरको रकम २०८१ बैशख १ गते सम्म नबुझाएमा निज ठेकदार संग ठेक्का तोडि विना सूचना बैकको परफरमेन्स बन्ड ग्यारेन्टी जफत समेत गरी असुल उपर गरिनेछ।
९. ठेक्का सम्झौता गर्ने व्यक्ति, फर्म वा कम्पनीको धरौटी रकम ठेक्का रकममा मिलान गरिने छैन त्यस्तै ठेक्का अवधि समाप्त भए पछि धरौटी रकम फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयमा कर तिरेको रसिदको प्रतिलिपी सम्लग्न राखि निवेदन पेश गर्नु पर्नेछ। साथै कार्यालायले उपलब्ध गराएको दररेट भन्दा बढि हाटबजार शुल्क असुल गरेको प्रमाणित भएमा धरौटीबाट कट्टा गरिनेछ भने पटक पटक सोही कार्य दोहोरयाएमा कानुन बमोजिम कारबाही गरी निज व्यक्ति, फर्म वा कम्पनीलाई कालोसूचिमा राख्न प्रचलित कानुन बमोजिम आवश्यक कारवाहिकको लागि सिफारिस गरिनेछ।
१०. ठेक्का संग सम्बन्धित रसिद ठेकेदार स्वयले छपाई गरी यस कार्यालयबाट प्रमाणित गरेर बहाल बिटौरी कर संकलन गर्नु पर्नेछ।
११. बन्द हड्ताल, भुकम्प, बाढी पहिरो जस्ता प्राकृतिक र मानविय विपद्का कारण सृजित समस्याका कारण देखाई ठेकेदार व्यक्ति, फर्म र कम्पनीले छुट माग गरेमा कुनै प्रकारका छुट लगायतका अन्य सुविधा दिईनेछैन।
१२. एउटा व्यक्ति वा फर्म वा कम्पनीले खरिद गरेको बोलपत्र अर्को व्यक्ति वा फर्म वा कम्पनीले प्रयोग गर्न पाउने छैन।
१३. कर असुलिको दररेट सरोकारवाला सबैले देख्ने गरी राख्नु पर्ने दायित्व ठेकेदार स्वयमः को हुनेछ।
१४. यो सूचनाको उल्लेख भएका बिषयहरु यसै सूचना बमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन, कानुन तथा सुन्दरहरैंचा नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**



# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ
कोशी प्रदेश, नेपाल

## सुन्दरहरैंचा नगरपालिकाको आन्तरिक आय संकलन गर्ने कार्य अन्तर्गत पूर्वाधार/सडक उपयोग शुल्क ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/०७/१२ गते)**

यस नगरपालिकाले आ. व. २०८०/०८१ मा बाँकी अवधिका लागि आन्तरिक आय ठेक्का मार्फत बन्दोबस्त गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को उपदफा २ (घ) बमोजिम मिति २०८०/०६/०५ गतेको २/१०४ औं नगर कार्यपालिकाको बैठकको निर्णयानुसार पूर्वाधार/सडक उपयोग शुल्क असुली गर्ने कार्यका लागि विद्युतिय माध्यमबाट ठेक्का बन्दोबस्ती गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | ठेक्का नम्बर | ठेक्काको नाम | क्षेत्र | ठेक्का रकम (मू.अ.क. समेत) |
|---|---|---|---|---|
| १ | राजश्व १/१०५ | सडक उपयोग शुल्क | सुन्दरहरैंचा नगरपालिकाले निर्माण गरेका नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण सडकहरु | रु. ५२,१९,३००।०० |

शर्तहरुः-

१. बोलपत्र फारम दस्तुर रकम ३०००/- (अक्षेरुपी रु तिन हजार मात्र) (पछि फिर्ता नहुने गरी) यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको आन्तरिक राजश्व खाता नम्बर ०६०१५०११४७६३०१४६ मा जम्मा गरी सोको सक्कलै भौचर वा नगरपालिकाको कार्यालयमा रहेको राजश्च शाखामा जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।
२. माथि उल्लेखित ठेक्कामा शुल्क असुल गर्दा यस नगरपालिकाले तोकेको भन्दा बढी दरमा असुल गर्न पाइने छैन । अशुल गर्ने शुल्क सुन्दरहरैंचाको आर्थिक ऐन, २०८० ले तोके बमोजिम हुने छ।
३. ठेक्काको अवधि सम्झौता भएको मिति देखि २०८१ आषाढ मसान्त सम्म मात्र हुनेछ। आर्थिक बर्षमा घटेको महिना र दिनको आधारमा तोकिएको ठेक्का रकममा कुनै असर पर्ने तथा छुट हुने व्यवस्था छैन।
४. विद्युतिय माध्यमबाट बोलपत्र फारम पेश गर्दा व्यक्ति भए नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी सहित बोलपत्र फारम भरी पेश गर्नु पर्ने तथा फर्म वा कम्पनी भए आन्तरिक राजश्व कार्यालयबाट प्राप्त भ्याट/पान दर्ता प्रमाण पत्रको प्रतिलिपी, स्वयमः घोषण गरेको पत्र, बोलपत्र फारम खरिद गरेको रकम खुल्ने भौचर, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्र वा म्याद थप खुल्ने प्रमाण पत्रको प्रतिलिपी, स्थानीय तहमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपीका साथ कबोल अंकको ५ प्रतिशत नघट्ने गरी धरौटी रकम यस नगरपालिकाको कृषि विकास बैक शाखा कार्यालय बिराटचौकमा रहेको धरौटी खाता नम्बर ०६०१५०११४७६३००३० मा जम्मा गरी सोको सक्कलै भौचर वा सुन्दरहरैचा नगरपालिकाको नाममा जारी गरिएको १२० कार्यदिन भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैकको बिड बन्ड ग्यारेन्टी समेत को सक्कलै कागजात/भौचर www.bolpatra.gov.np मा अपलोड गर्नु पर्नेछ।
५ ठेक्का बोलपत्र फारम सहितका कागजातहरु मिति २०८०/०८/१३ गते दिनको १२:०० बजे भित्र अनिवार्य Online प्रणालीमा पेश गरी सक्नुपर्नेछ र सोहि दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा बोलपत्रहरु खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदातारु/प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।
६ कबोल रकम अंक र अक्षरमा स्पष्ट देखिने गरी उल्लेख गर्नु पर्नेछ। बोलपत्र फारममा उल्लेखित कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
७ ठेक्का कबोल रकम अग्रिम बुझाएमा भ्याट बहेकको कबोल अंकको १०% रकम छुट दिइनेछ। कबोल अंकको हुन आउने १३% भ्याट रकम सम्झौताको समयमा अन्तरिक राजश्वको कार्यालायमा दाखिला गरेको भौचर/कागजात/प्रमाण पेश गर्नु पर्नेछ। त्यस्तै ठेक्का रकम अग्रिम रुपमा नबुझाएमा कबोल अंकको ६० प्रतिशत सम्झौताको समयमा बुझाएको हुन पर्ने र बाँकी ४० प्रतिशतको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैकको परफरमेन्स बन्ड ग्यारेन्टी २०८१ कार्तिक मसान्त अनिवार्य हुनु पर्नछ भने सो ४० प्रतिशत बराबरको रकम २०८० पौष मसान्त भित्र बुझाई सक्नु पर्नेछ। साथै ठेक्का कबोल कर्ताले ४०% बराबरको रकम २०८० माघ १ गते सम्म नबुझाएमा निज ठेकदार संग ठेक्का तोडि विना सूचना बैकको परफरमेन्स बन्ड ग्यारेन्टी जफत समेत गरी असुल उपर गरिनेछ।
८ ठेक्का सम्झौता गर्ने व्यक्ति, फर्म वा कम्पनीको धरौटी रकम ठेक्का रकममा मिलान गरिने छैन। त्यस्तै ठेक्का अवधि समाप्त भए पछि धरौटी रकम फिर्ता गर्दा आन्तरिक राजश्व कार्यालयमा कर तिरेको रसिदको प्रतिलिपी सम्लग्न राखि निवेदन पेश गर्नु पर्नेछ। साथै कार्यालायले उपलब्ध गराएको दररेट भन्दा बढि शुल्क असुल गरेको प्रमाणित भएमा धरौटीबाट कट्टा गरिनेछ भने पटक पटक सोही कार्य दोहोरयाएमा कानुन बमोजिम कारबाही गरी निज व्यक्ति, फर्म वा कम्पनीलाई कालोसूचिमा राख्न प्रचलित कानुन बमोजिम आवश्यक कारवाहिकको लागि सिफारिस गरिनेछ।
९ ठेक्का संग सम्बन्धित रसिद ठेकेदार स्वयले छपाई गरी यस कार्यालयबाट प्रमाणित गरी शुल्ल संकलन/असुली गर्नु पर्नेछ।
१० बन्द हड्ताल, भुकम्प, बाढी पहिरो जस्ता प्राकृतिक र मानविय विपद्का कारण सृजित समस्याका कारण देखाई ठेकेदार व्यक्ति, फर्म र कम्पनीले छुट माग गरेमा कुनै प्रकारका छुट लगायतका अन्य सुविधा दिईनेछैन।
११ एउटा व्यक्ति वा फर्म वा कम्पनीले खरिद गरेको बोलपत्र अर्को व्यक्ति वा फर्म वा कम्पनीले प्रयोग गर्न पाउने छैन।
१२ नगरपालिका क्षेत्र भित्र एक स्थानबाट शुल्क काटे पछि सोही दिन सोही सामाग्री र यात्रुलाई आधार मानी पुनः सोही सवारी साधनलाई अर्को स्थानबाट शुल्क काट्न पाइने छैन। यो शर्त नयाँ यात्रु र नयाँ सामाग्रीमा पुनः शुल्क लिन बाधा हुने छैन। संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार एवम् नेपाल सरकारका व्यापारिक नियोग, कुटनीतिक निकाय लगायतका सार्वजनिक सवारी साधन तथा विद्यालयका गाडीहरु, दुध तथा पानी बोकेका सवारी साधन एवम् अत्यावश्यक सेवाका सवारी साधनहरु (एम्बुलेन्स, सरसफाई, सब बहान, दमकल लगायत) लाई शुल्क लिन पाइने छैन। मार्केटिङ्गमा प्रयोग भएका सवारी साधनहरुलाई प्रमाण पत्रको आधारमा दिनमा एक पटक मात्र कर लिनु पर्नेछ। यस नगरपालिकाको बार्षिक सवारी सवारी कर तिरी दर्ता भएका अटो र ई रिक्साहरुको हकमा शुल्क लिन पाईने छैन। बार्षिक सवारी कर नतिरी संचालन भएका अटो र ई रिक्साको हकमा तोकिएको शुल्क लिन बाधा पर्ने छैन।
१३ कर असुलिको दररेट सरोकारवाला सबैले देख्ने गरी सार्वजनिक स्थानमा राख्नु पर्नेछ भने सोको दायित्व ठेकेदारको नै हुनेछ।
१४ सवारी साधन खाली गुडेको अवस्थामा शुल्क लिन पाइने छैन।
१५ बोलपत्र फारम तथा सम्झौतामा उल्लेखित शर्तहरु यो सूचनामा उल्लेख भए बमोजिम नै लागू हुनेछ।
१६ यो सूचनामा उल्लेख भएका बिषयहरु यसै सूचना बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित ऐन, कानुन तथा सुन्दरहरैंचा नगरपालिकाले गरेको निर्णय तथा सम्झौतामा भएका शर्त बमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**